# त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १३ प्रकाशन मितिः २०७६/१०/१६


## भाग २

त्रिवेणी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिकाले बनाएको तपसिलमा लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७६


गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०९/२५

प्रमाणिकरण मितिः २०७६/१०/१५


**प्रस्तावना**

शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवम् संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न तथा शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गरी विद्यालय तहको शिक्षाबाट बञ्चित व्यक्तिलाई खुला विद्यालयमार्फत औपचारिक शिक्षा

प्रदान गर्न खुला तथा वैकल्पिक शिक्षाका लागि खुला तथा वैकल्पिक विद्यालय सञ्चालन गर्न आवश्यक भएकाले, नेपालको संविधानको धारा २२१ को अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ र १०२, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा १४ र १५, त्रिवेणी गाउँपालिकाको शिक्षा नीति २०७४ तथा त्रिवेणी गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७४ को दफा ६ वमोजिम **त्रिवेणी गाउँपालिकाको कार्यपालिका**द्वारा यो कार्याविधि जारी गरिएको छ ।

## परिच्छेद-१: प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "**खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७६**" रहेको छ ।

(२) यो कार्यविधि त्रिवेणी गाउँपालिकाको कार्यपालिकाद्वारा पारित भई अध्यक्षद्वारा प्रमाणित भए पछि त्रिवेणी गाउँपालिकाभर लागू हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "**ऐन**" भन्नाले त्रिवेणी गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "**नियमावली**" भन्नाले त्रिवेणी गाउँपालिका स्थानीय शिक्षा नियमावली २०७४ लाई सम्झनु पर्दछ ।

(ग) "**खुला तथा वैकल्पिक शिक्षा उपसमिति**" भन्नाले खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सम्बन्धी नीति निर्माण, समन्वय, रेखदेख तथा व्यवस्थापन गर्न गाउँपालिकालाई सहयोग गर्ने मुख्य दायित्व भएको समितिलाई बुझाउँछ ।

(घ) "**सदस्य सचिव**" भन्नाले खुला तथा वैकल्पिक शिक्षा उपसमितिको सदस्य सचिवलाई जनाउँछ ।

(ङ) "**सञ्चालक/व्यवस्थापन समिति**" भन्नाले खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था वा विद्यालयको सञ्चालक/व्यवस्थापन समितिलाई जनाउँछ ।

(च) "**खुला विद्यालय**" भन्नाले खुला तथा वैकल्पिक विद्यालय तहको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विद्यालयलाई जनाउँछ ।

(छ) "**शैक्षिक सत्र**" भन्नाले सम्बन्धित शैक्षिक कार्यक्रम सञ्चालन हुने अवधि (बैशाख-चैत्र)लाई जनाउँछ ।

(ज) "**अध्ययन केन्द्र**" भन्नाले खुला तथा वैकल्पिक सिकाइका विद्यार्थीहरूलाई सहायता पुऱ्याउन स्थानीय स्तरमा खोलिएका/सञ्चालन गरिएका निकाय, संस्था र सिकाइ केन्द्रलाई जनाउँछ ।

(झ) "**आजीवन शिक्षा**" भन्नाले आफ्नो पेशागत क्षमता विकास गर्न तथा रहरका विषयमा थप अध्ययन गर्नका लागि गरिएको शिक्षा भन्ने जनाउँछ ।

## परिच्छेद- २: खुला विद्यालयको सञ्चालन गर्ने कार्यक्रम सम्बन्धी व्यवस्था

**३.** खुला विद्यालयले सञ्चालन गर्ने शिक्षण सिकाइ कार्यक्रमहरू देहाय बमोजिम हुनेछन् :

(१) कक्षा अनुसारको उमेर पूरा गरेका, नियमित विद्यालयमा अध्ययन गर्न छाडेका, आर्थिक, सामाजिक, भौगोलिक, पेसा, जातजाति, व्यवसाय र समयको अभावको कारणले गर्दा शिक्षाको अवसर नपाएका व्यक्तिहरूका लागि खुला विद्यालय मार्फत शिक्षाका थप अवसर/पहुँचहरू सिर्जना गरिनेछ ।

(२) विद्यमान विद्यालय स्तरीय शैक्षिक संरचना अनुरूप खुला विद्यालय पनि साधारण र व्यावसायिक गरी दुई प्रकारको हुन सक्नेछन् ।

(३) खुला विद्यालयहरूले निम्नानुसारका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछन्,

क) कक्षा १-१२ सम्मको शैक्षिक कार्यक्रमहरू

ख) आयआर्जनका सीप विकास सम्बन्धी कार्यक्रमहरू

ग) व्यावसायिक शिक्षा अन्तर्गत कक्षा १-१२ सम्मको शैक्षिक कार्यक्रमहरू

घ) कृषक, मजदूर, व्यापारी, शिक्षक, गृहिणी, कर्मचारी, तथा राजनीतिज्ञ आदिलाई अद्यावदिक गर्ने विषयगत जानकारी आदी ।

(४) खुला विद्यालयले सञ्चालन गर्ने शैक्षिक कार्यक्रमहरूको पाठ्यक्रम खुला सिकाइ पद्धतिमा आधारित विद्यालय स्तरको विद्यमान पाठ्यक्रम नै हुनेछ । यसको प्रक्रिया लचिलो हुनेछ, बालबालिकाले घरमै बसी पढ्ने वा साप्ताहिक कक्षा सञ्चालनको व्यवस्था हुनेछ ।

४. खुला विद्यालयको शिक्षण सिकाइ देहायको माध्यम अपनाइ सञ्चालन गरिनेछ, :

(१) मुद्रित सामग्री (पाठ्यपुस्तक, स्वःअध्ययन सामग्री, पोस्टर, पत्रपत्रिका)

(२) सम्पर्क कक्षा/गोष्ठी/कार्यशाला

(३) श्रव्य तथा श्रव्य-दृश्य सामग्री (क्यासेट, सिडी, रेडियो, टेलिभिजन)

(४) सूचना प्रविधिमा आधारित सामग्री (मल्टिमिडिया, अनलाइन/अफलाइन, इन्टरनेट, वेभसाइट, फोनइन, श्रव्य, श्रव्य-दृश्य, कन्फ्रेन्सिङ)

(५) पत्राचार ।

## परिच्छेद ३: खुला विद्यालयको स्वीकृति सम्बन्धी व्यवस्था

५. खुला विद्यालय सञ्चालन गर्न विद्यालय छनौटः

(१) खुला विद्यालय मार्फत खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालय तथा अन्य सघसंस्थालाई गाँउ शिक्षा समितिको सिफारिसमा गाँउ कार्यपालिकाले अनुसूची १ बमोजिम स्वीकृती प्रदान गर्नेछ ।

(२) खुला विद्यालय सञ्चालन गर्न विद्यालयमा देहायका पूर्वाधारहरू हुनुपर्नेछ

(क) भवन, शिक्षण प्रशिक्षण कक्ष, कार्यालय कक्ष र फर्निचर तथा अन्य भौतिक साधन वा प्रयोगात्मक उपकरणको पर्याप्त व्यवस्था।

(ख) सम्बन्धित तह र विषयको पाठ्यक्रम, कक्षागत पाठ्यपुस्तक, अन्य अध्ययन सामग्री, उपयोगी सन्दर्भ पुस्तक र आवश्यक शैक्षिक सामग्री भएको पुस्तकालय र उपकरण युक्त प्रयोगशाला।

(ग) श्रव्य, दृश्य, श्रव्य-दृश्य, इमेल, इन्टरनेट र अन्य सूचना प्रविधि समेत भएको अध्ययन केन्द्र।

(घ) योग्यता पुगेका विषयगत सहजकर्ताको व्यवस्था।

६. यदि कुनै विद्यालयमा ५ (२) अनुसारको सुबिधा नभएको पाइएमा गाउँपालिकाले उक्त सुबिधाहरू सुनिश्चित गर्न छनौट गरिएको विद्यालयलाई ३ महिनाभित्र सहयोग गरी सक्नुपर्नेछ।

७. खुला विद्यालय सञ्चालन अनुमति प्राप्त गर्ने शिक्षण संस्थाले पालना गर्नुपर्ने सर्तहरू:
खुला विद्यालय सञ्चालन गर्न सम्बन्धन प्राप्त गरेपछि सम्बन्धित शिक्षण संस्थाले देहायका सर्तहरू पालना गर्नुपर्नेछ :

(१) खुला तथा वैकल्पिक शिक्षा सम्बन्धी नीति, निर्णय तथा निर्देशनहरू पूर्ण रूपले पालना गर्नुपर्नेछ।

(२) खुला विद्यालय सञ्चालन गर्ने शिक्षण संस्थाले सञ्चार प्रविधि लगायतका शिक्षण सिकाइका प्रभावकारी माध्यमहरूको प्रयोग गर्नुपर्नेछ।

(३) विद्यार्थी तथा अन्य शिक्षार्थीहरूलाई सरल र सुलभ रूपमा पर्याप्त मात्रामा अध्ययन सामग्री उपलब्ध गराउने र पाठ्यांशको अभ्यासका लागि माध्यमिक विद्यालय तहमा एक वर्षमा कम्तीमा १७५ घण्टाको सम्पर्क कक्षा वा घरमै बसी दूर शिक्षाको माध्यमद्वारा पठनपाठनको व्यवस्था मिलाउनु पर्नेछ।

(४) खुला विद्यालय सञ्चालन गर्ने शिक्षण संस्थाले अनुसूची - २ बमोजिमको भौतिक तथा शैक्षिक पूर्वाधारहरू पूरा गरेको हुनुपर्नेछ।

(५) शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र विद्यार्थी तथा शिक्षार्थी भर्ना विवरण, सम्पर्क कक्षाको योजना र विषयगत सहजकर्ताहरूको विवरण गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(६) खुला विद्यालयमा अध्ययन गर्ने बालबालिकाको लागि कक्षागत रुपमा अलग-अलग कक्षाको व्यवस्था गरी सम्पर्क कक्षा सञ्चालन गर्नुपर्नेछ।

८. तर नियम ७ मा जुन सुकै कुरा उल्लेख भएता पनि खुला तथा वैकल्पिक शिक्षाको मापदण्ड अनुरूप अपेक्षित स्तर कायम नरहेमा वा कार्यक्रम नियमित रुपमा सञ्चालन नभएमा गाउँ शिक्षा समितिको

सिफारिसमा कार्यक्रम सञ्चालन नगर्ने विद्यालयको कार्यक्रम निलम्बन वा खारेज गर्ने अधिकार त्रिवेणी गाउँ कार्यपालिकामा निहित हुनेछ ।

## परिच्छेद-४: खुला तथा वैकल्पिक शिक्षा उपसमिति सम्बन्धी व्यवस्था

९. खुला तथा वैकल्पिक शिक्षा कार्यक्रमका लागि एक उपसमिति गठन गरिनेछ :

(१) खुला तथा वैकल्पिक शिक्षा सम्बन्धी संघीय तथा प्रदेश कानुन अनुसार अर्को व्यवस्था नभएसम्म त्रिवेणी गाउँपालिका स्थानीय शिक्षा ऐन २०७४ को दफा ६ अन्तर्गत व्यवस्था भएको खुला तथा वैकल्पिक शिक्षाको नीति निर्माण, समन्वय, रेखदेख खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरणका लागि सिफारिस गर्न तपसिल वमोजिमको खुला तथा वैकल्पिक शिक्षा उपसमिति रहनेछ :

(क) गाउँ शिक्षा समितिको संयोजक - अध्यक्ष

(ख) विद्यालय सञ्चालनमा रहेको वडाको वडा अध्यक्षहरू मध्येवाट गाउँपालिकाले मनोनयन गरेको (एक जना) - सदस्य

(ग) खुला तथा वैकल्पिक शिक्षाको क्षेत्रमा अनुभव भएको शिक्षा शास्त्र संकाय अर्न्तगतको क्याम्पसमा कार्यरत प्राध्यपक (एक जना) - सदस्य

(घ) खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाका प्रधानाध्यापकहरू मध्येबाट गाउँपालिकाले मनोनित गरेका व्यक्ति (एक जना) - सदस्य

(ङ) गाउँपालिकाको शिक्षक महासंघ प्रमुख वा प्रतिनिधि (एकजना) - सदस्य

(च) खुला तथा वैकल्पिक शिक्षा, रेडियो, टेलिभिजन, सूचना सञ्चार प्रविधि आदिको क्षेत्रमा कार्यक्रम उत्पादन सम्बन्धी विशेष अनुभव भएको गाउँपालिकाबाट मनोनित (एक जना) - सदस्य

(छ) दलित, आदिवासी, महिला, अपाङ्गतामा भएका व्यक्तिहरू मध्येबाट सम्बन्धित विषयमा विशेषज्ञता भएको मनोनित (एक जना) - सदस्य

(ज) स्थानीय सामाजिक संस्था वा गैरसरकारी संस्था मध्ये गाउँपालिकाले मनोनित गरेको (एक जना) -सदस्य

(झ) गाउँपालिका स्तरीय बालक्लव संजालको प्रतिनिधि-बालक र बालिका (दुई जना)-सदस्य

(ञ) प्रमुख, त्रिवेणी गाउँपालिका शिक्षा शाखा -सदस्य सचिव

(२) मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ । उक्त उपसमितिको बैठकमा छलफल र निर्णय गर्नुपर्ने विषयको प्रकृतिको आधारमा तीन जना सम्म सम्बन्धित विषयका विशेषज्ञहरू आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

(३) खुला तथा वैकल्पिक शिक्षा उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्नका लागि अध्ययन, अध्यापन र अनुसन्धान गर्ने आधार तयार गर्ने।

(ख) विभिन्न संस्था, व्यक्ति वा समूहहरूले खुला तथा वैकल्पिक शिक्षा कार्यक्रमका लागि तयार पारेका सिकाइ सामग्रीहरू उपयुक्त भए नभएको मूल्याङ्कन गरी प्रयोगका लागि सिफारिस गर्ने।

(ग) खुला तथा वैकल्पिक शिक्षा कार्यक्रमलाई विकास र विस्तार गर्न सुझाव दिने।

(घ) खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाहरूको मूल्याङ्कन गरी खुला विद्यालय सञ्चालनका लागि गाउँ शिक्षा समितिमा सिफारिस गर्ने।

(ङ) खुला तथा वैकल्पिक शिक्षा कार्यक्रमको अनुगमन गरी गुणस्तरीयताको मूल्याङ्कन गराउने।

(च) खुला विद्यालयको स्थानीय स्तरको पाठ्यक्रम, मूल्याङ्कन प्रणाली, समकक्षता निर्धारण आदि तय गरी कार्यान्वयनका लागि गाउँ शिक्षा समितिमा सिफारिस गर्ने।

(छ) खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने।

(ज) खुला विद्यालयमा अध्ययन गर्ने विद्यार्थी तथा शिक्षार्थीहरूको उपलब्धि मूल्याङ्कन गर्ने आधार तयार गर्न गाउँपालिकालाई मद्दत गर्ने।

## परिच्छेद-५: खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सम्बन्धमा गाउँपालिका र सम्बन्धित विद्यालयको भूमिका

१०. खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाको भूमिका देहाय वमोजिम हुनेछ :

(१) प्रदेश तथा संघीय सरकारका सम्बन्धित निकायसँग समन्वय गर्ने। साथै सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाई र शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग आवश्यक सम्पर्क गर्ने।

(२) खुला तथा वैकल्पिक शिक्षाका लागि "खुला तथा वैकल्पिक शिक्षा कोष" खडा गरी कोषको बृद्धिको लागि स्रोतको खोजी गर्ने।

(३) विद्यालय उमेरका तथा विद्यालय बाहिर भएका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने।

(४) खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालनका लागि विद्यालय र स्थान छनौट गर्ने।

(५) खुला विद्यालयको नियमित अनुगमन गरी पृष्ठपोषण दिने।

(६) आवश्यकता अनुसार छोटो अवधिको आवासीय विद्यालयको (खुला तथा वैकल्पिक शिक्षाको लागि) व्यवस्था गर्ने र खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालनका लागि वातावरण तयार गरी व्यापक रूपमा यसको महत्व र उपयोगिताका सम्बन्धमा प्रचार-प्रसार गर्ने।

(७) गाउँपालिका भित्रका खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने सम्पूर्ण विद्यालयहरूका बीचमा समन्वय गर्ने ।

(८) खुला तथा वैकल्पिक शिक्षाका बारेमा आवश्यक तालिम, गोष्ठी, सेमिनार, कार्यशाला, अध्ययन अनुसन्धान र अन्तरक्रिया कार्यक्रमको व्यवस्था गर्ने ।

(९) खुला तथा वैकल्पिक शिक्षा कार्यक्रमलाई प्रोत्साहन गर्ने, सम्भव भएमा वेबसाइट बनाई सम्बन्धित अध्ययन सामग्री वेबसाइटमा राख्ने व्यवस्था मिलाउने ।

(१०) सञ्चालित कार्यक्रममा सहयोग पुग्ने गरी रेडियो प्रसारण, फोनइन, कन्फ्रेन्सिङ र श्रव्य-दृश्य सभा जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(११) गाउँपालिकास्तरमा नमुना अध्ययन केन्द्रको व्यवस्था गर्ने र स्वीकृत खुला विद्यालय मध्ये सामुदायिक विद्यालयमा सञ्चालित कार्यक्रमलाई प्रोत्साहन गरी जिल्ला स्तरको नमुना खुला विद्यालय बनाउन प्रतिस्पर्धी बनाउने ।

(१२) दलित, आर्थिक रुपले विपन्न, अपाङ्गता भएका तथा अन्य लक्षितवर्गका लागि प्रभावकारी विद्यार्थी सहायता प्रणालीको व्यवस्था गर्ने ।

(१३) खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सम्बन्धी अभिलेख राख्ने र प्रत्येक वर्ष समीक्षा वैठकको आयोजना गर्ने ।

(१४) खुला तथा वैकल्पिक शिक्षामा लगानी वा सहयोगको लागि राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरू, नीजि क्षेत्रहरू र व्यक्तिगत सहयोग दाताहरूसँग समन्वय गर्ने ।

११. खुला तथा वैकल्पिक शिक्षा सञ्चालनका लागि सम्बन्धित विद्यालयको भूमिका देहाय वमोजिम हुनेछ,

(१) आफ्नो सेवा क्षेत्र भित्रका विद्यालय बाहिर रहेका बालाबलिकाको तथ्याङ्क सङ्कलन गर्ने र उनीहरूलाई नियमित तथा खुला विद्यालयमा आउनै पर्ने वातावरण बनाउने ।

(२) विद्यालयमा नआउनु वा कक्षा छोड्नुको कारण पत्ता लगाउने साथै बालबालिकाको माग सम्बोधन गर्न खुला तथा वैकल्पिक विद्यालय सञ्चालनको लागि पहल गर्ने ।

(३) विद्यालयमा भर्ना गराउनका लागि अभिभावक र बालबालिकासँग अन्तर्क्रिया गर्ने र पठनपाठनको समय निर्धारण गर्ने ।

(४) थप कक्षा लिनु पर्ने अवस्थामा आवश्यक सेवा सुविधा र शैक्षिक सामग्री सम्वन्धित वडा कार्यालय तथा गाउँपालिकामा आर्थिक तथा भौतिक स्रोतको माग गर्ने ।

(५) स्थानीय पाठ्यक्रम तथा पाठ्य-सामग्री निर्माणमा सहयोग गर्ने ।

(६) मूल्याङ्कन तथा कक्षा चढाउनका लागि परीक्षा तथा प्रमाणपत्रको व्यवस्था मिलाउने ।

(७) कक्षा सञ्चालनका लागि जनशक्ति व्यवस्था गरी आवश्यकता अनुसार कोचिङ तथा वैकल्पिक कक्षाको व्यवस्था गर्ने ।

(८) व्यवस्थापन समितिका सदस्यहरूले आ-आफ्नो टोलका बालबालिकालाई विद्यालय पठाएको सुनिश्चित गर्ने ।

(९) बालक्लवलाई सक्रिय बनाइ आफ्नो साथी समूहलाई विद्यालय ल्याउन प्रेरित गर्ने ।

(१०) पढाइसँग सम्बन्धित जनचेतनामूलक कार्यक्रम अन्य सहक्रियाकलापहरूको आयोजना गर्ने ।

(११) त्रैमासिक रुपमा अभिभावक भेला आयोजना गरी खुला तथा वैकल्पिक शिक्षाको बारेमा अभिभावकलाई जानकारी गराउने ।

१२) शिक्षाका लागि भर्ना भएका शिक्षार्थीहरूलाई आवश्यक उपायको खोजी गरी शैक्षिक सेवा प्रदान गर्ने ।

## परिच्छेद-६: खुला तथा वैकल्पिक शिक्षा सम्बन्धमा अभिभावक र बालबालिकाको भूमिका

१२. खुला तथा वैकल्पिक शिक्षा सञ्चालनका लागि अभिभावकको भूमिका देहाय वमोजिम हुनेछ :

(१) अभिभावक बीच भेला, छलफल र अन्तर्क्रिया गरी खुला तथा वैकल्पिक शिक्षा सञ्चालन गर्ने विद्यालयसँग परामर्श गर्ने ।

(२) खुला तथा वैकल्पिक शिक्षा कार्यक्रममा बालबालिकालाई सिकाइका लागि अभिप्रेरित गर्ने, पायक पर्ने विद्यालायमा आवश्यक सामग्रीको व्यवस्था गरी तोकिएको समयमा पठाउने ।

(३) अभिभावक र बालबालिका बीच अन्तर्क्रिया गरी अनुभव आदानप्रदान गर्ने ।

(४) खुला तथा वैकल्पिक शिक्षाको कार्यक्रममा सहजरुपमा भेटघाटको वातावरण मिलाई प्राप्त प्रतिफलको जानकारी लिने ।

(५) पारिवारिक आयआर्जनमा बृद्धि गरी बालबालिकामा लगानी गर्ने ।

१३. खुला तथा वैकल्पिक शिक्षा सञ्चालनका लागि बालबालिकाको भूमिका देहाय वमोजिम हुनेछ :

(१) खुला तथा वैकल्पिक शिक्षा कार्यक्रममा नियमित सहभागी हुने ।

(२) औपचारिक शिक्षा र वैकल्पिक शिक्षाका बालबालिका बीच अनुभव आदान-प्रदान गर्ने ।

(३) विद्यायल बाहिर रहेका अन्य साथीलाई वैकल्पिक शिक्षामा आउन प्रेरित गर्ने ।

(४) खुला तथा वैकल्पिक शिक्षा कार्यक्रमका नियम र आचारसंहिता पालना गर्ने र सिर्जनात्मक क्रियाकलापमा अग्रसर हुने ।

(५) बालक्लवहरूले साथी समूहमा अध्ययन सम्वन्धमा छलफल र सहकार्य गर्ने एवं बाल विवाह र बालश्रम विरुद्ध तथा शिक्षाको अधिकार सम्वन्धी जनचेतना फैलाउने ।

(६) विद्यालयमा शिक्षकबाट हुने दुरव्यवहार, शोषण, हेपाई जस्ता गलत व्यवहारहरूलाई बालक्लवद्वारा न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गर्ने ।

## परिच्छेद-७: खुला तथा वैकल्पिक शिक्षा सम्बन्धी क्रियाकलाप

१४. खुला तथा वैकल्पिक शिक्षा कार्यक्रमका लागि देहाय बमोजिमको क्रियाकलाप सञ्चालन गरिनेछ :

(१) विद्यालय भर्ना अभियान सञ्चालन गर्ने, विद्यालय नियमित आउन नसक्ने विद्यार्थीहरूलाई घरमै तथा खुला विद्यालयमा पढ्ने वातावरण निर्माण गर्ने ।

(२) छोटो अवधिको तालिम (उमेर र रुची अनुसार) व्यवस्था गर्ने ।

(३) वैकल्पिक शिक्षा प्रदान गरी क्षमता र उमेर अनुसार नियमित विद्यालय शिक्षामा सहभागी हुने व्यवस्था मिलाउने ।

(४) सीप र क्षमताको पहिचान गरी व्यावसायिकरण गर्ने ।

(५) सीपमूलक तथा आयआर्जनमूलक तालिमको व्यवस्थापन तथा सञ्चालन गर्ने ।

(६) स्वःअध्ययन सामग्री तथा अतिरिक्त स्वःअध्ययन सामाग्रीको व्यवस्था गर्ने ।

(७) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।

(८) अभिभावकको मौसमी बसाइसराइका कारण पढाइ छुट्न जाने न्यून आर्थिक अवस्था भएका परिवारका बालबालिकाका लागि आवसीय विद्यालयको व्यवस्था गर्ने ।

(९) बालक्लव तथा समूह गठन तथा परिचालन गर्ने

(१०) औपचारिक विद्यालय छोडेका तर खुला विद्यालय मार्फत पढ्न इच्छुक बालबालिकाहरूलाई गाउँपालिकास्थित सहयोगी संस्था मार्फत जीवनोपयागी सीप तालिमको व्यवस्था गरी साथी शिक्षाको व्यवस्था गर्ने ।

(११) विद्यालय उमेरका बालबालिकालाई विद्यालय छोडी बालश्रममा लाग्न प्रेरित वा बाध्य बनाउने नाईके वा व्यक्तिलाई कानुनी दायरामा ल्याउने ।

(१३) बहुअपाङ्गतामा भएका तथा विद्यालय आउन नसक्ने बालबालिकालाई इच वन टीच वनको व्यवस्था मिलाउने ।

## परिच्छेद-८: खुला तथा वैकल्पिक शिक्षा सम्बन्धी रणनीति

१५. खुला तथा वैकल्पिक शिक्षा सम्बन्धी शिक्षाको गुणस्तर र पहुँच सुनिश्चित गर्न देहायका रणनीति अवलम्वन गरिनेछ :

(१) प्रत्येक वडामा एक विद्यालयलाई खुला तथा वैकल्पिक विद्यालय सञ्चालनका लागि तोकी आवश्यक व्यवस्थापन गरिनेछ ।

(२) शिक्षा विकास तथा समन्वय एकाइ र शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग समन्वय गरी खुला तथा वैकल्पिक शिक्षा सम्बन्धमा शिक्षण तालिम र स्वःअध्ययन सामाग्रीको व्यवस्था मिलाइनेछ ।

(३) विद्यालय उमेरका बालबालिकाको तथ्याङ्क सङ्कलन र अद्यावदिक गर्ने व्यवस्था गरिनेछ ।

(४) विद्यालय बाहिर भएका बालबालिकालाई लक्षित गरी छोटो अवधिका छात्राबासको व्यवस्था मिलाइने छ ।

(५) खुला तथा वैकल्पिक शिक्षाको भर्ना तथा सम्पर्क कक्षाको समय तालिकाको व्यवस्था मिलाइने छ ।

(६) आर्थिक अवस्थाका कारण कक्षा छाड्नुपर्ने अवस्थाका बालबालिकाका लागि पढाइको निरन्तरताको सुनिश्चितताका लागि छात्रवृत्तिको व्यवस्था मिलाइने छ ।

(७) गाउँपालिकाका सहयोगी संस्थाको सहयोगमा अभिभावकलाई समेत आवश्यक तालिमको व्यवस्था गरी रोजगार तथा आयमूलक कार्यमा संलग्न गराउँदै लगिनेछ ।

(८) खुला तथा वैकल्पिक शिक्षाको प्रचार प्रसार गरिनेछ ।

(९) खुला तथा वैकल्पिक शिक्षासँग सम्वन्धित शिक्षकलाई थप सुबिधाको व्यवस्था मिलाइने छ ।

(१०) खुला विद्यालयमा खुला तथा वैकल्पिक शिक्षा सम्बन्धि पाठ्यक्रम, पठ्यपुस्तक र शैक्षिक सामग्रीको व्यवस्था गरिनेछ ।

(११) खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाबाट आवश्यक बजेटको व्यवस्था मिलाइने छ ।

(१२) प्रत्येक वडामा कम्तिमा एक विद्यालयमा खुला तथा वैकल्पिक शिक्षा सञ्चालन गर्न आवश्यक पूर्वाधारको व्यवस्था मिलाइने छ ।

(१३) गाउँपालिकाको सहयोगी संस्थाको सहयोगमा विद्यालय तथा समुदायका बालबालिकाहरूलाई कक्षा १२ सम्म पढाइको निरन्तरताका लागि जीवनोपयोगी सीपको कार्यक्रम सञ्चालन गरिनेछ ।

(१४) विद्यालयमा शिक्षण पद्धतिलाई प्रविधि-मैत्री, रोचक, सिर्जनशील र खोजमुलक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा प्रयोगात्मक क्रियाकलापलाई प्राथमिकता दिदै आवश्यक पूर्वाधारको व्यवस्था गरिने छ ।

(१५) खुला तथा वैकल्पिक शिक्षा लागू भएका विद्यालयलाई न्यूनतम् मापदण्ड पूरा भएको पुस्तकालयको स्थापना र पवर्द्धन गर्न सहयोग गरिनेछ ।

## परिच्छेद-९: सम्पर्क कक्षा सम्बन्धी व्यवस्था

१६. खुला तथा वैकल्पिक विद्यालयले देहायका आधारमा सम्पर्क कक्षा सञ्चालन गर्नुपर्नेछ :

(१) खुला तथा वैकल्पिक विद्यालयले कम्तीमा डेढ महिनाको एक पटक हुने गरी एक शैक्षिक वर्षमा पटक पटक गरी १७५ घण्टाको[1] सम्पर्क कक्षा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(२) प्रयोगात्मक कार्य, गृहकार्य, अभ्यास, परियोजना कार्य, घटना अध्ययन, छलफल, प्रतिवेदन लेखन जस्ता क्रियाकलाप सम्पर्क कक्षाका प्रमुख क्रियाकलाप हुनेछन् ।

[1] *एक सम्पर्क कक्षामा ५ दिन सम्म दैनिक ५ घण्टाका दरले हुनआउने कूल समय, ७×५×५ =१७५ घण्टा*

(३) सम्पर्क कक्षा सञ्चालन गर्दा सम्पर्क केन्द्रमा पुस्तकालय, अडियो भिडियो पुस्तकालय र अन्य सूचना प्रविधिको व्यवस्था हुनु पर्नेछ ।

(४) खुला तथा वैकल्पिक विद्यालयले सम्पर्क कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । श्रव्य, श्रव्य-दृश्य, इन्टरनेट, रेडियो/टिभी, पत्रिका, पाठपत्र, पाठपत्रजस्ता सूचना, सञ्चार र सिकाइका साधनहरू खुला विद्यालयको शिक्षा प्रदान गर्ने माध्यम हुनेछन् ।

(५) खुला विद्यालयले आफूले सञ्चालन गर्ने कार्यक्रमको पाठ्यांश श्रव्य वा श्रव्य-दृश्य वा अन्य सञ्चार उपकरणको माध्यमबाट पनि विद्यार्थीहरूमा पुऱ्याउनु पर्नेछ ।

(६) खुला विद्यालयले पाठ्यक्रम र पाठ्यपुस्तकमा अस्पष्ट विषयवस्तुको बारेमा सम्पर्क कक्षाको रूपमा विद्यार्थीहरूसँग प्रत्यक्ष अर्न्तक्रिया गरेर वा छलफल गरेर स्पष्ट हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) सम्पर्क कक्षा अध्ययन केन्द्र वा कार्यक्रम सञ्चालन भएको विद्यालयमा सञ्चालन हुनेछ । अध्ययन केन्द्र खुला तथा वैकल्पिक विद्यालयको अङ्ग हुनेछ । खुला तथा वैकल्पिक विद्यालयमा विषयगत सहजकर्ताहरूको व्यवस्था गर्नुपर्नेछ ।

(८) सम्पर्क कक्षा सञ्चालन गर्ने सहजकर्ता प्रचलित शैक्षिक कार्यक्रमले तोकेको न्यूनतम् शैक्षिक योग्यता पुगेको व्यक्ति हुनुपर्नेछ । सहजकर्तासँग विद्यार्थीहरूले टेलिफोन, इमेल र पत्राचार माध्यम मार्फत सम्पर्क कायम गराउने व्यवस्था गर्नुपर्नेछ ।

(९) विद्यार्थीहरूले आफ्नो अनुभवलाई फराकिलो बनाउन पाठ्यक्रमका आधारमा अन्य उपयोगी सन्दर्भ सामग्री समेतको अध्ययन गरेर परीक्षामा राम्रो गर्ने वातावरण आफैले तयार गर्नुपर्दछ ।

(१०) विद्यार्थी आन्तरिक मूल्याङ्कनको निमित्त प्रस्तुतिकरण, गृहकार्य, सम्पर्क कक्षामा सहभागिता र आन्तरिक परीक्षाजस्ता कार्यक्रमहरूको अभिलेख राख्नुपर्नेछ ।

(११) अध्ययन केन्द्रलाई नियमित प्राज्ञिक तथा प्रशासनिक सहयोग गाउँपालिकास्तरीय अध्ययन केन्द्र मार्फत हुनेछ । गाउँपालिकास्तरीय अध्ययन केन्द्रमा विषयगत सहजकर्ताको व्यवस्था हुनेछ ।

(१२) सहजकर्ताले सम्भव भए सम्म शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सञ्चालित सम्बन्धित विषयको तालिम लिएको हुनपर्नेछ ।

## परिच्छेद-१०: सिकाइ सामग्री सम्बन्धी व्यवस्था

१७. सिकाइ सामग्री विकास कुनै तह वा क्षेत्रको शैक्षिक कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने उद्देश्यले देहाय बमोजिम अर्ध-सरकारी/निजी क्षेत्र समेतको सहभागितामा सिकाइ सामग्री विकास गरिनेछ र प्रयोग गरिनेछ :

(१) सिकाइ सामग्रीको विकास भाषा विषयको हकमा सोही भाषामा र अन्य विषयको हकमा नेपाली भाषामा गरिनेछ। तर सहायक सामग्रीहरू मातृभाषामा पनि विकास गर्न सकिनेछ। आवश्यकता अनुसार बहुभाषी सिकाइ सामग्रीहरू पनि तयार गरिनेछ।

(२) निजी संस्थाहरूबाट उत्पादित सामग्री खुला तथा वैकल्पिक शिक्षा उपसमितिबाट स्वीकृत गराइ खुला विद्यालयले प्रयोग गर्नुपर्नेछ।

(३) सहजकर्ता, विद्यालय शिक्षक, तथा पालिकाका विज्ञहरूको सहयोगमा स्थानीय परिवेश सापेक्ष आवश्यक शैक्षिक सामग्रीहरू तयार पारिनेछ।

## परिच्छेद-११: विद्यार्थी भर्ना, परीक्षा र अनुगमन सम्बन्धी व्यवस्था

१८. विद्यार्थी भर्ना तथा बाह्य परीक्षा:

खुला तथा वैकल्पिक विद्यालयका विद्यार्थीहरूको भर्ना र तहको अन्तिममा लिइने बाह्य परीक्षा देहाय बमोजिम हुनेछ :

(१) खुला तथा वैकल्पिक विद्यालयमा भर्ना हुन चाहने विद्यार्थीहरूलाई विद्यालयमा स्वयम् उपस्थिति भई पत्राचार वा इमेल मार्फत आवेदन दिने व्यवस्था गरिने छ।

(२) खुला तथा वैकल्पिक विद्यालयले आन्तरिक मूल्याङ्कनमा उत्तीर्ण परीक्षार्थीहरूलाई मात्र बाह्य परीक्षामा सामेल गराइने छ।

(३) खुला तथा वैकल्पिक विद्यालयले आन्तरिक मूल्याङ्कनको नतिजा अभिलेख प्रयोजनका लागि एक प्रति समयमा नै गाउँपालिका शिक्षा शाखामा अनिवार्य रूपमा पठाइने छ।

(४) आन्तरिक मूल्याङ्कनमा उत्तीर्ण हुनका लागि निर्धारित पाठ्यक्रममा उल्लेख भए अनुसार अङ्क ल्याउनु पर्नेछ।

(५) खुला तथा वैकल्पिक विद्यालयले आन्तरिक मूल्याङ्कन प्रयोजनका लागि विषयको प्रकृति हेरी मौखिक परीक्षाको व्यवस्था समेत मिलाइने छ।

(६) खुला तथा वैकल्पिक विद्यालयले परीक्षार्थीहरूको बाह्य परीक्षाको आवेदन फाराम भराउने व्यवस्था आफैले मिलाइने छ।

(७) खुला तथा वैकल्पिक विद्यालयमा भर्ना हुने विद्यार्थीहरू खुला तथा वैकल्पिक विद्यालय रहेकै गाउँपालिकाका हुनेछन तर अन्य जिल्लाबाट आई काम र पेसामा संलग्नका हकमा उक्त व्यक्ति कार्यरत संस्थाले प्रमाणित गरेको हुनुपर्नेछ र अन्यको हकमा निजले निश्चित कक्षा अध्ययन गरेको विद्यालयको सिफारिस हुनु पर्ने छ।

(८) विद्यार्थीको उमेर र क्षमता अनुसार विद्यालयमा भर्ना भई अध्ययन केन्द्रमा नियमित उपस्थित बालबालिकालाई कक्षा ८ को पालिका स्तरीय वार्षिक परीक्षामा समावेश गरिनेछ ।

(९) कक्षा ८ उत्तीर्ण गरी दुई वर्ष पूरा भएका विद्यार्थीहरूले खुला विद्यालय मार्फत एसइइ कार्यक्रममा सहभागी हुने सन्दर्भमा कक्षा ८ को प्रमाणपत्र सम्बन्धित गाउँ शिक्षा समितिले प्रमाणित गरेको हुनुपर्नेछ । विदेशी संस्थाबाट कक्षा ८ उत्तीर्ण गरी आएकाहरूका सम्बन्धमा सम्बन्धित संस्थाबाटै पुनःप्रमाणित गरेको हुनुपर्ने वा गाउँपालिका स्तरीय परीक्षा समन्वय समितिले स्तरीकृत परीक्षा लिई कक्षा ८ वा सो सरह भएको सुनिश्चित गरिएको प्रमाण हुनु पर्नेछ ।

## परिच्छेद-१२: खुला विद्यालयले निर्वाह गर्नुपर्ने दायित्व

१९. खुला विद्यालयको दायित्वः

खुला विद्यालयले देहाय बमोजिको दायित्व निर्वाह गर्नु पर्नेछ :

(१) शैक्षिक सत्र सुरू हुनु पूर्व निर्धारित समयमा नै विद्यार्थीहरूको भर्ना लिइ सक्नु पर्नेछ ।

(२) सुरूमा आधार कक्षाका रूपमा सम्पर्क कक्षा सञ्चालन गरी विद्यार्थीहरूलाई पाठ्य पुस्तक र विषयवस्तुका बारेमा जानकारी गराउनु पर्नेछ ।

(३) एक शैक्षिक वर्षमा पटकपटक गरी कम्तीमा १७५ घण्टाको सम्पर्क कक्षा सञ्चालन गर्नु पर्नेछ । यस किसिमको सम्पर्क कक्षामा गृहकार्य दिने र त्यसलाई जाँच्ने व्यवस्था पनि मिलाइएको हुनु पर्नेछ । सम्पर्क कक्षामा अन्तरक्रिया गरेर सिक्ने पद्धति र प्रश्नोत्तर तथा अभ्यास विधिका आधारमा प्रयोगात्मक पक्षका विषयहरूको शिक्षण सिकाइलाई प्रभाकारी बनाउनु पर्नेछ । यस्ता सम्पर्क कक्षामा समय समयमा विद्यार्थीको प्रगति समीक्षा गरिनु पर्नेछ ।

(४) विद्यार्थीहरूलाई स्वःअध्ययनका रूपमा प्रयोग गरिने सिकाइ सामग्रीहरू निर्धारित मूल्यमा समयमा नै उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) शैक्षिक पात्रोको रूपमा पुरै वर्ष भरिमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम प्रत्येक विद्यार्थीलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) खुला तथा वैकल्पिक विद्यालय सञ्चालन सम्बन्धी प्राप्त कार्यविधिहरूको अनिवार्य पालना गर्नुपर्नेछ ।

(७) आन्तरिक मूल्याङ्कनका रूपमा सबै विषयका परीक्षाहरूको सञ्चालन गर्नुपर्नेछ । खुला विद्यालयले शैक्षिक गुणस्तरको अभिवृद्धि गर्ने दृष्टिबाट आन्तरिक मूल्याङ्कन, निरीक्षण तथा शिक्षण सिकाइ सम्बन्धी थप कार्यक्रमको व्यवस्था आफैँले मिलाउन सक्नेछ ।

(८) खुला विद्यालयले खुला तथा वैकल्पिक शिक्षा कार्यक्रमको प्रत्येक वर्ष आय व्ययको लेखा परीक्षण अनुमति प्राप्त लेखा परीक्षकबाट अनिवार्य गराउनु पर्नेछ ।

(९) सम्बन्धित निकायबाट अध्ययन र अनुगमनका लागि आएका अनुगमनकर्ताले हेर्न चाहेमा खुला विद्यालयका सम्पूर्ण गतिविधिको अनुगमन निरीक्षण गराउनु खुला विद्यालयको दायित्व मानिनेछ ।

(१०) आवश्यकतानुसार शैक्षिक सामग्री, पाठ्य-सहायक सामग्री विकास गर्न सकिनेछ ।

(११) खुला तथा वैकल्पिक विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको यथार्थ अभिलेख नियमित रूपले EMIS मा भर्नु पर्नेछ ।

(१२) EMIS मा नदेखिएका विद्यार्थीका लागि दिइने सुबिधा कट्टा गरिनेछ साथै एसइइ परीक्षामा समावेश गराइने छैन ।

(१३) खुला विद्यालयले EMIS भरेपछि विद्यार्थी भर्ना गर्नुपर्ने कुनै कारण आइपरेमा त्यसको उचित कारण सहित EMIS भरेको विवरण एक हप्ताभित्र सम्बन्धित गाउँ शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-१३: आजीवन शिक्षा र पेसागत दक्षता अभिवृद्धि कार्यक्रम

२०. आजीवन शिक्षा र पेसागत दक्षता अभिवृद्धि सम्बन्धी कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन देहाय बमोजिम हुनेछ :

(१) खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्न छुट्टै स्वायत्त निकायको स्थापना नभए सम्मका लागि शैक्षिक तथा विभिन्न पेसाकर्मीहरूको पेसागत दक्षता अभिवृद्धि गर्न कृषि, स्वास्थ्य, शिक्षा आदिका क्षेत्रमा तपसिलका कार्यक्रमहरू सञ्चालन गरिनेछ :

(क) आजीवन शिक्षा कार्यक्रम

(ख) सचेतनामूलक शिक्षा कार्यक्रम

(ग) पेसागत क्षमता अभिवृद्धि कार्यक्रम

(घ) कार्यथलोमा तालिम कार्यक्रम

(२) आजीवन शिक्षा कार्यक्रम अन्तर्गत मानव जीवन सहज बनाउने भाषा, पेसा, व्यवसाय आदिसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) सचेतनामूलक कार्यक्रम अन्तर्गत स्वास्थ्य, शिक्षा, कृषि, सूचना प्रविधि, विज्ञान प्रविधि, मानवअधिकार, बालअधिकार, वातावरण शिक्षा, विद्यालय व्यवस्थापन सचेतना आदि कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(४) शिक्षा, स्वास्थ्य, कृषि आदि क्षेत्रमा विभिन्न पेसाकर्मीहरूको पेसागत क्षमता अभिवृद्धि कार्यक्रमहरू श्रव्य, श्रव्य दृश्य तथा सूचना प्रविधिको माध्यम मार्फत सञ्चालन गरिनेछ ।

(५) गृहिणी, मजदुर, दलित, आदिवासी, जनजाति आदि लगायत विभिन्न समूहका लागि आयआर्जन गर्ने प्रकृतिका व्यावसायिक कार्यक्रमहरू श्रव्य तथा श्रव्य-दृश्य माध्यमको प्रयोग गरी सञ्चालन गर्न सकिनेछ ।

(६) कार्यक्रमहरू सञ्चालन गर्दा स्थानीय सहयोगी संघसंस्थाको सहभागितामा सञ्चालन गरिनेछ ।

(७) आफूलाई अद्यावदिक गर्न चाहने आजीवन शिक्षाका शिक्षार्थीहरूका लागि भने सम्पर्क घण्टा तथा परीक्षाको प्रावधान रहने छैन ।

## परिच्छेद-१४: ज्ञान तथा सीप परीक्षण सम्बन्धी व्यवस्था

२१. ज्ञान तथा सीप परीक्षण सम्बन्धी कार्यक्रमको व्यवस्था देहाय बमोजिम हुनेछ,

(१) कुनै व्यक्ति वा समूहले व्यक्तिगत वा सामूहिक प्रयासमा कुनै क्षेत्र विशेषमा आर्जन गरेको ज्ञान र सीपको प्रमाणीकरण गर्न देहायअनुसारका कार्यक्रमहरू सञ्चालन गरिनेछन् :

(क) सीप प्रमाणीकरण कार्यक्रम

(ख) ज्ञान प्रमाणीकरण कार्यक्रम

(२) विभिन्न स्रोतबाट आर्जित सीपहरू, जस्तै- राडीपाखी, गलैंचा, कपडा बुन्ने, काठ, माटो, धातुका सामग्री बनाउने, आधुनिक ढङ्गले खेती गर्ने, पशुपालन गर्ने, सुँडेनीको हैसियतले कार्य गर्ने, कपडा सिलाउने, फेब्रिक पेन्टिङ गर्ने, रङरोगन गर्ने, काठ, बेत, बाँस आदिको क्षेत्रमा काम गर्ने तथा सामग्री बनाउने, कपाल काट्ने, डकर्मी तथा सिकर्मीको हैसियतले कार्य गर्ने आदि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्सँगको समन्वयमा सीप परीक्षण गरी प्रमाणीकरण गरिनेछ ।

(३) सीप प्रमाणीकरणको प्रमाणपत्र व्यक्तिले आर्जन गरेका सीपका आधारमा विभिन्न तह जस्तै A, B, C, D आदिमा दिइनेछ ।

(४) सीप परीक्षण गर्न स्थानीय स्तरमा साधन स्रोत सम्पन्न संस्थालाई उपयोग गरिनेछ ।

(५) कुनै व्यक्तिले आफ्नै पहलमा वा कुनै संघ संस्था (जस्तैः मठ, मन्दिर, गुम्बा, गैरसरकारी संस्थाहरू आदि) तथा विद्युतीय तथा छापा माध्यमबाट प्रसारित कार्यक्रमबाट कुनै पनि क्षेत्रमा ज्ञान आर्जन गरी परीक्षण गर्न चाहेमा तोकिए बमोजिमको व्यवस्था गरी ज्ञान परीक्षण गरेर प्रमाणपत्र दिने व्यवस्थाका लागि सम्बन्धित निकायसँग समन्वय गरिने छ ।

(६) व्यक्तिले आर्जन गरेको ज्ञानको परीक्षण गरी साक्षरता, आधारभूत र प्राथमिक तहको प्रमाण-पत्र प्रदान गरिने व्यवस्था मिलाइने छ ।

## परिच्छेद-१५: विविध

२२. खुला तथा वैकल्पिक विद्यालयले जुन तहको खुला तथा वैकल्पिक शिक्षा कार्यक्रमको विद्यार्थी भर्ना गर्ने हो सो तहमा भर्ना हुन आवश्यक न्यूनतम् शैक्षिक योग्यता हासिल गरेका विद्यार्थीहरूलाई मात्र भर्ना गर्नुपर्नेछ ।

२३. खुला तथा वैकल्पिक शिक्षा उपसमितिले अनुगमन प्रतिवेदनका आधारमा आवश्यक सुझाव तथा निर्देशन समेत दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु खुला तथा वैकल्पिक विद्यालयको कर्तव्य हुनेछ । यसरी दिइएको निर्देशन र सुझाव पालना नगरे त्रिवेणी गाउँपालिका शिक्षा शाखा/गाउँ शिक्षा समितिले चेतावनी दिन तथा आवश्यक कारवाही गर्न सक्नेछ ।

२४. छापः खुला तथा वैकल्पिक विद्यालयले आफ्नो छाप बनाउँदा षट्कोण भित्र खुला विद्यालयको नाम रहने गरी शिक्षण संस्थाको पहिचान झल्किने किसिमको हुनेछ ।

२५. प्रतीक चिह्नः खुला तथा वैकल्पिक विद्यालयले आफ्नो संस्थाको परिचयात्मक प्रतीक चिह्न ( लोगो) राख्न सक्नेछ ।

२६. प्रचलित नियम कानुनको पालनाः खुला तथा वैकल्पिक विद्यालय सञ्चालन सम्बन्धमा यस कार्यविधि बमोजिम र अन्यको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

२७. सहयोग लिन सक्नेः खुला विद्यालयले आफूले सञ्चालन गरेको खुला तथा वैकल्पिक शिक्षा कार्यक्रमको गुणस्तर अभिवृद्धि गर्न संघीय र प्रदेश सरकारको नियम बमोजिम अन्य संस्थाको सहयोग लिन सक्नेछ ।

२८. सम्पर्क व्यवस्थाः खुला विद्यालयले खुला तथा वैकल्पिक शिक्षा कार्यक्रमका बारेमा प्रादेशिक/संघीय स्तरका सम्बन्धित निकायसँग सम्पर्क गर्दा त्रिवेणी गाउँपालिकाको शिक्षा शाखा मार्फत पत्राचार गर्न सक्नेछ ।

२९. खारेजी तथा बचाउः यस कार्यविधिमा जे सुकै व्यवस्था भए पनि अन्य संघीय तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछन् ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## अनुसूची- १

## (नियम ५ (१) सँग सम्बन्धित खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने स्वीकृति पत्र

श्री ............................ ..................................

..................................................................

गाउँ शिक्षा समितिको मिति .................... को निर्णयानुसार **त्रिवेणी गाउँपालिकाको खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७६** तथा विद्यमान कानुनी व्यवस्था समेत पालना गर्ने गरी शैक्षिक सत्र ..................... बाट ...................... तहको बाह्य परीक्षामा समावेश हुने गरी खुला विद्यालय सञ्चालन गर्न यो स्थायी/अस्थायी सम्बन्धन दिइएको छ ।

अनुमति प्रदान गर्ने अधिकारीको सही :

नाम :

दर्जा :

मिति :

छाप :

बोधार्थ :

(१) श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विद्यालय शिक्षा शाखा, कार्यक्रम शाखा, सिंहदरबार, काठमाडौँ ।

(२) श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

(३) श्री परीक्षा नियन्त्रण कार्यालय, राष्ट्रिय परीक्षा बोर्ड सानोठिमी, भक्तपुर ।

(४) श्री पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

(५) श्री प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सानोठिमी, भक्तपुर ।

(६) श्री शिक्षा विकास तथा समन्वय एकाइ, रोल्पा ।

## अनुसूची २
### (नियम ७ को उपनियम (४) सँग सम्बन्धित)
### संस्थाको भौतिक तथा शैक्षिक पूर्वाधार विवरण फाराम

### (क) परिचय

१) शिक्षण संस्थाको नाम .........................................
२) ठेगाना : रोल्पा जिल्ला त्रिवेणी गाउँपालिका वडा नं. .... गाउँ/टोल .................
३) टेलिफोन नं ....................
४) इमेल ..................................

### (ख) भौतिक साधन

१) भवन : लम्बाइ ........ चौडाइ ..........उचाइ .......... तला सङ्ख्या ........ कोठा सङ्ख्या ........
शौचालय सङ्ख्या ........... (छात्र......... र छात्रा.........) कच्ची/पक्की/अर्ध-पक्की .........................

२) कोठा विवरण :

| कोठा नं | लम्बाइ | चौडाइ | उचाइ | झ्याल ढोकाको संख्या | प्रकाश र बत्तीको अवस्था | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

३) फर्निचर :

(क) कुर्सी थान ........... (ख) डेस्क थान ................ (ग) बेन्च थान ..............

(घ) दराज थान .......... (ङ) टेबुल थान ............... (च) अन्य .....................

४) पिउने पानीको व्यवस्था : ट्युबेल .......धारा ........ इनार ........ अन्य ................

५) खेलकुद मैदान : लम्बाइ ......... चौडाइ.......... मैदानमा खेल्न सकिने खेलकुदको नाम : क) ............ ख)........... ग) ..............

६) शिक्षण संस्थामा उपलब्ध खेलकुद सामग्रीहरू : ..................................

७) पुस्तकालय व्यवस्था : किताब सङ्ख्या ............... (पुस्तकालयमा भएका शैक्षिक कार्यक्रम अनुसारका विषयहरू र सन्दर्भ सामग्रीहरू सम्बन्धी पुस्तक, पत्रिका, पत्रपत्रिका, अनुसन्धान प्रतिवेदन आदिको भिन्दा भिन्दै सूची बनाई यसैसाथ संलग्न गर्ने)

८) विद्यार्थीको स्रोत प्रस्ट हुने गरी त्यस क्षेत्रका अन्य शिक्षण संस्थाको विवरण: ..........................

९) प्रयोगशालाको (उपलब्ध शैक्षिक सामग्री/उपकरण समेतको) विवरण :

क) प्रयोगशाला कोठाको लम्बाइ........ चौडाइ ........... उचाइ........... (प्रयोगशालामा भएका उपकरणहरूको छुट्टै सूची बनाई यसै साथ संलग्न गर्ने)

ख) श्रव्य दृश्य सामग्री विवरण किसिम ............. नाम ................ मात्रा ............ प्रयोग गर्ने प्रक्रिया (यस सम्बन्धी विशेष विवरण तयार गरी यसै साथ संलग्न गर्ने)

## (ग) मानवीय जनशक्ति

(अ) सहजकर्ताको विवरण

| क्र. स. | सहजकर्ताको नाम, थर | ठेगाना | योग्यता | विषय | तालिमको किसिम र अवधि | शिक्षण/ प्रशिक्षणअनुभववर्ष | पूर्णकालीन / आंशिककाम गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(योग्यता, नागरिकता तथा अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न हुनुपर्ने)

(आ) कर्मचारी विवरण

| क्र. स. | कर्मचारीको नाम, थर | ठेगाना | पद | योग्यता | अनुभव | पूर्णकालीन/ आंशिक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(इ) विद्यालय/शिक्षण संस्था व्यवस्थापन सञ्चालक समितिका पदाधिकारीको विवरण

| क्र.स. | पदाधिकारीको नाम, थर | ठेगाना | पद | योग्यता | अनुभव | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नोट : स्वीकृत वा अनुमति प्राप्त शिक्षण संस्थाकै सञ्चालक/व्यवस्थापन समिति नै खुला तथा वैकल्पिक विद्यालय सञ्चालक/व्यवस्थापन समिति हुनेछ)

(ई) विद्यार्थीको विवरण (प्रस्तावित) :

१. अनुमानित विद्यार्थीको सङ्ख्या ................

२. विद्यार्थीको आउने सम्भावित ठाउँको नाम .................

## (घ) सम्भावित आयस्रोत (वार्षिक)

| क्र.सं. | आम्दानीको स्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १. | शुल्क (अनुमानित) | | |
| २. | चन्दा | | |
| ३. | अनुगमन | | |
| ४. | अन्य | | |
| | | | |
| | **जम्मा** | | |

२) संयोजक, सहजकर्ता तथा कर्मचारीहरूको प्रस्तावित तलब विवरण

| क्र. स. | पदको नाम | तलब | भत्ता | मासिक तलव/भत्ता | वार्षिक तलब/भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**(ङ) उपलब्ध शैक्षिक सामग्री विवरण**

| क्र.स. | शैक्षिक सामग्रीको नाम | संख्या | दर | कुल मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

(शैक्षिक सामग्रीको छुट्टै सूची बनाई यसै साथ संलग्न गर्ने)
माथि लेखिएका विवरण ठीक साँचो छ, झुट्ठा ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला ।

निवेदकको सही :
नाम :
पद :
संस्थाको नाम :
मिति :
शिक्षण संस्थाको छाप :

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

आज्ञाले
निम बहादुर के. सी.
प्रमुख प्रशासकीय अधिकृत